# बेलडाँडी गाउँपालिका

# कञ्चनपुर, सुदूरपश्चिम प्रदेश नेपाल

## बेलडाँडी गाउँपालिकाको राजपत्र

खण्डः ७ संख्या :३ मिति २०८०/१२/२०

## भाग- ३

## बेलडाँडी गाउँपालिका

## निःशुल्क शिक्षाका लागि सामुदायिक विद्यालयलाई अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०

कार्यविधि स्वीकृत मिति :२०८०/१२/०७

प्रमाणीकरण मिति :२०८०/१२/२०

## प्रस्तावना

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकार र दायित्वको पालना गर्ने काममा यस बेलडाँडी गाउँपालिकाको शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउदै सार्वजनिक शिक्षामा माध्यमिक तह कक्षा १० सम्मको शिक्षालाई नि: शुल्क बनाउन बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ ज को (१६) ले दिएको अधिकार प्रयोग गरी बेलडाँडी गाउँपालिका कार्यपालिकाद्धारा यो कार्यविधि बनाइ लागु गरिएको छ ।

## परिच्छेद .१

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१.१ संक्षिप्त नाम र प्रारम्भ

१.१.१ यो कार्यविधिको नाम नि:शुल्क शिक्षाका लागि सामुदायिक विद्यालयलाइ अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८० रहेको छ ।

१.१.२ यो कार्यविधि बेलडाँडी गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरे पछि लागु हुनेछ ।

१.२ परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :

क) "'ऐन "भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका"' भन्नाले बेलडाँडी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) "गाउँ कार्यपालिका"भन्नाले बेलडाँडी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "विद्यालय" भन्नाले नियमानुसार अनुमति वा स्वीकृति प्राप्त बेलडाडी गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्दछ।

ङ) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दी र संघीय सरकारले उपलब्ध गराएको शिक्षण सिकाइ अनुदान कोटालाई सम्झनुपर्दछ।

च) "न्यून दरबन्दी" भन्नाले तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली,२०५९ ले तोके भन्दा कम दरबन्दी रहेको अवस्था सम्झनुपर्दछ।

छ) "आधारभूत विद्यालय"भन्नाले बालविकास कक्षा देखि कक्षा ८ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्छ ।

ज) "माध्यमिक विद्यालय"भन्नाले बालविकास कक्षा देखि कक्षा १० तथा बालविकास कक्षा देखि कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ।

## परिच्छेद-२
## उद्देश्य

यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम रहने छ ।

क) सामुदायिक विद्यालय मार्फत प्रदान गर्ने निर्धारित नियमित तथा प्रचलित सार्वजनिक शिक्षालाई कक्षा १० सम्म नि:शुल्क गर्ने ।

ख) निशुल्क शिक्षा प्रदान गर्ने गाउँपालिकाको घोषणा पुरा गर्ने ।

ग) शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर वृद्धि गर्ने ।

घ) गाउँपालिकाबाट विद्यालयमा जाने अनुदानको दर र प्रक्रिया निर्धारण गर्ने ।

## परिच्छेद ३
## कानूनी व्यवस्था विश्लेषण

क) नेपालको संविधानको धारा ३१ को उपधारा २ मा " प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ " भनिएको छ ।

ख) शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा समेत आधारभूत तहको शिक्षा नि:शुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा नि:शुल्क हुने भनी उल्लेख गरेको छ ।

ग) नेपालको संविधानमा माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहलाई सुम्पेको छ ।

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ङ) अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहको हुने भनिएको छ।

च) अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ मा प्रत्येक स्थानीय तह मार्फत प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने भनिएको छ ।

## परिच्छेद ४

## सामुदायिक विद्यालयमा रहेको वर्तमान शिक्षक दरबन्दीको अवस्था

| क्र सं | विद्यालयको नाम | आधारभूत तह कक्षा १-५ | | | आधारभूत तह कक्षा ६-८ | | | माध्यमिक ९-१० | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत तथा शिक्षण सहयोग अनुदान | जम्मा | स्वीकृत | राहत तथा अनुदान | जम्मा | कुल जम्मा |
| १ | श्री सिद्धनाथ मावि  बेलडाँडी ३ चौफेरी | ४ | १ | ५ | — | २ | २ | १ | १ | २ | ९ |
| २ | श्री गणेश मा विबेलडाँडी ५ भुर्षा | ४ | १ | ५ | ३ | ० | ३ | १ | ३ | ४ | १२ |
| ३ | श्री वैजनाथ मा वि बेलडाँडी५ झिल्मिला | ४ | २ | ६ | ० | २ | २ | १ | १ | २ | १० |
| ४ | श्रीसिद्धनाथ आ.वि.बेलडाँडी -१ सिद्धचोक | १ | २ | ३ | ० | १ | १ | | - | - | ४ |
| ५ | श्री रौलेश्वर मा विबेलडाँडी २ | ४ | १ | ५ | ३ | ० | ३ | १ | ३ | ४ | १२ |
| ६ | श्री कञ्चनआ वि बेलडाँडी २ | १ | १ | २ | ० | ० | ० | | | | २ |
| ७ | श्री सरस्वती जनता मा विबेलडाँडी ४ वैवाहा | ५ | १ | ६ | १ | २ | ३ | १ | २ | ३ | १२ |
| ८ | श्रीकालिका आ वि बेलडाँडी ५ झिल्मिला | ३ | ० | ३ | ० | ० | ० | | | | ३ |
| ९ | श्री राधाकृष्ण जनप्रिय आ विबेलडाँडी ३ | १ | २ | ३ | ० | १ | १ | | | | ४ |
| १० | श्रीकालिका आ वि बेलडाँडी १ चन्दनबस्ती | २ | १ | ३ | ० | ० | ० | | | | ३ |
| ११ | श्री त्रिशुली आ वि बेलडाँडी२ चवन्नी | १ | २ | ३ | ० | ० | ० | | | | ३ |
| १२ | श्रीसरस्वतीमा वि बेलडाँडी १ झरनासागर | ४ | २ | ६ | ० | २ | २ | १ | १ | २ | १० |
| १३ | श्री सिंहपाल आ वि बेलडाँडी२ चन्दनबस्ती | ५ | १ | ६ | १ | ० | १ | | | | ७ |
| १४ | श्रीशैलेश्वरी आ वि बेलडाँडी २ ढकनिया | १ | ० | १ | ० | १ | १ | | | | २ |
| | जम्मा | ४० | १७ | ५७ | ८ | ११ | १९ | ६ | ११ | १७ | ९३ |

## परिच्छेद ५

## अनुदान रकम सम्बन्धी व्यवस्था

अनुदान दिने प्रयोजनका लागि मनासिब देखिएका विद्यालयहरुलाई तपसिल बमोजिको दरमा रकम अनुदान प्रदान गरिनेछ ।

| क्र.सं. | तह | उपलब्ध दरबन्दी(राहत र अनुदान समेत) | अनुदान रकम ( प्रति विद्यार्थी वार्षिक रुपमा) | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत तह (१-५) | १ | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| २ | आधारभूत तह (१-५) | २ | २४०० | |
| ३ | आधारभूत तह (१-५) | ३ | २००० | |
| ४ | आधारभूत तह (१-५) | ४ | १६०० | |
| ५ | आधारभूत तह (१-५) | ५ | १००० | |
| ६ | आधारभूत तह (१-५) | ६ | ६०० | |
| ७ | आधारभूत तह (६-८) | ० | ४४०० | |
| ८ | आधारभूत तह (६-८) | १ | ३६०० | |
| ९ | आधारभूत तह (६-८) | २ | २४०० | |
| १० | आधारभूत तह (६-८) | ३ | १६०० | |
| ११ | आधारभूत तह (६-८) | ४ | ६०० | |
| १२ | माध्यमिक तह (९-१०) | ० | १०००० | |
| १३ | माध्यमिक तह (९-१०) | १ | ८००० | |
| १४ | माध्यमिक३ तह (९-१०) | २ | ७२०० | |
| १५ | माध्यमिक तह (९-१०) | ३ | ६००० | |
| १६ | माध्यमिक तह (९-१०) | ४ | ४८०० | |

| | | | | |
|---|---|---|---|---|
| १७ | माध्यमिक तह (९-१०) | ५ | ४००० | |

## परिच्छेद ६
## अनुदान वितरणको आधारहरु

क) विद्यालयको विद्यार्थी संख्या
ख) विद्यालयमा सञ्चालित तह र कक्षा
ग) विद्यालयको मौजुदा दरबन्दी संख्या
घ) संघीय, प्रदेश वा बेलडाँडी गाउँपालिकाबाट शिक्षक वा कर्मचारीको व्यवस्थापनका लागि प्राप्त अनुदान
ङ) शिक्षक कर्मचारी दरबन्दी मिलान, व्यवस्थापन तथा पूनर्वितरण
च) गाउँ शिक्षा समितिले तोकेका अन्य आधारहरु

## परिच्छेद ७
## खर्चका क्षेत्रहरु

क) निजी शिक्षक तथा कर्मचारी तलब (कुल अनुदान रकमको कम्तिमा ६० प्रतिशत नघट्ने गरी निर्धारण गर्ने ।
ख) शिक्षक तथा कर्मचारीलाई पुरस्कार तथा सम्मान
ग) अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन
घ) विद्यालय मर्मत सम्भार
ङ) कक्षाकोठा तथा कार्यालय व्यवस्थापन
च) खेलकुद प्रतियोगिता सञ्चालन
छ) परीक्षा सञ्चालन तथा व्यवस्थापन
ज) शिक्षण सामाग्री खरिद
झ) तालिम तथा सचेतना कार्यक्रम सञ्चालन तथा व्यवस्थापन
ञ) विधुत तथा खानेपानी व्यवस्थापन
ट) गाउँ कार्यपालिकाले मनासिब ठहर गरेका अन्य आधारहरु

## परिच्छेद ८
## अनुदान बन्द, रोक्का गर्ने वा घटाउन सकिने

सामुदायिक विद्यालयमा उपलब्ध गराउने गाउँपालिकाको अनुदान देहाय बमोजिमको अवस्थामा गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुदान बन्द, रोक्का गर्ने वा निश्चित प्रतिशत घटाउन सक्नेछ ।

क) कक्षा ५,८ र कक्षा १० मा लगातार ३ शैक्षिक सत्र सम्म परीक्षामा सहभागी भएका परीक्षार्थीहरु मध्ये ५० प्रतिशत भन्दा कम विद्यार्थीको नतिजा Non graded आएमा ।

ख) अघिल्लो आर्थिक वर्षको प्राप्त अनुदानको खर्च विवरण पेश नगरेमा

ग) बाल विकास देखि कक्षा १० सम्मका विद्यार्थीबाट भर्ना शुल्क, पढाइ शुल्क,पाठ्यपुस्तक वाफतको शुल्क,परीक्षा शुल्क लगायत कुनै पनि प्रकृतिको शुल्क वा सहयोग रकम लिएमा ।

घ) कार्यविधि लागु भए पश्चात कुनै पनि विद्यालयले शिक्षा ऐन तथा शिक्षा नियमावली विपरित शिक्षक तथा कर्मचारी नियुक्ती गरेमा ।

ङ) अनुदान निकासा प्रयोजनका लागि विद्यार्थीको झुठो विवरण पेश गरेमा ।

च) खर्चका क्षेत्रहरु बाहेकका क्षेत्रहरुमा अनुदान रकम खर्च गरेमा ।

छ) कक्षा १-५ सम्म न्यूनतम ५० भन्दा कम विद्यार्थी भएमा

ज) कक्षा १-८ सम्म न्यूनतम १०० भन्दा कम विद्यार्थी भएमा

झ) कक्षा १-१० सम्म न्यूनतम २०० भन्दा कम विद्यार्थी भएमा

## परिच्छेद ९
## लेखा परीक्षण

क) विद्यालयलाई प्राप्त भएको अनुदानको आम्दानी र खर्चको प्रचलित ऐन, नियमावली र यस कार्यविधि अनुसार लेखा राख्ने र लेखा परीक्षण गराउने दायित्व प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र आर्थिक कारोबार गर्ने शिक्षक तथा कर्मचारीको हुनेछ ।

## परिच्छेद १०
## विविध

**अनुदान माग गर्ने** : प्रत्येक त्रैमासिक अवधिको विद्यालयमा अध्ययनरत वास्तविक विद्यार्थी (कम्तिमा ७५% हाजिरी भएको, IEMIS संख्यामा नबढाइ) विवरण प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गरी बेलडाँडी गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ।

**निकासा** : विद्यालयबाट प्राप्त माग फारामका आधारमा प्रति विद्यार्थी अनुदान रकमको एक चौथाइका दरले हुन आउने अनुदान रकम प्रत्येक त्रैमासिकमा विद्यालयको खातामा निकासा हुनेछ।

**संशोधन गर्न सकिने** : यस कार्यविधिको कार्यान्वयनको क्रममा कार्यविधिमा संशोधन गर्नु परेमा प्रचलित कानूनसँग नबाझिने गरी बेलडाँडी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद ११
## बाधा अड्काउ फुकाउ तथा खारेजी र बचाउ

क) यस कार्यविधि अनुसारको कार्यान्वयनमा केही बाधा अड्काउ परेमा बेलडाँडी गाउँ कार्यपालिकाले फुकाउन सक्नेछ।

ख) यस कार्यविधि जारी हुनुपूर्व यस बेलडाँडी गाउँपालिकाद्वारा प्रदान गरिएका अनुदानहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आज्ञाले
बिर बहादुर ऐर
प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी गाउँपालिका